आज मिति २०७६/०६/१७ गते शुक्रबारका दिन शिवालय गाउँपालिका, सिमा जाजरकोटमा यस गाउँपालिकाका अध्यक्ष श्री नरेन्द्र कुमार शाहीज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बसी तपसिलका प्रस्तावहरु माथि छलफल गरी निम्नानुसारको निर्णयहरु गरियो ।

तपसिल

| | |
|---|---|
| श्री नरेन्द्र कुमार शाही | अध्यक्ष |
| श्री कुमारी थापा | उपाध्यक्ष |
| श्री मान बहादुर पुन | वडाध्यक्ष वडा नं. १ |
| श्री प्रेम बहादुर बस्नेत | वडाध्यक्ष वडा नं. २ |
| श्री प्रेमदेव शर्मा | वडाध्यक्ष वडा नं. ३ |
| श्री तेज बहादुर बुढा | वडाध्यक्ष वडा नं. ४ |
| श्री चित्र प्रसाद रेग्मी | वडाध्यक्ष वडा नं. ५ |
| श्री भक्त बहादुर थापामगर | वडाध्यक्ष वडा नं. ६ |
| श्री बिरबल खत्री | वडाध्यक्ष वडा नं. ७ |
| श्री जसबिर बली | वडाध्यक्ष वडा नं. ८ |
| श्री दिपक बहादुर खड्का | वडाध्यक्ष वडा नं. ९ |
| श्री शेर बहादुर नेपाली | कार्यपालिका सदस्य |
| श्री कालो बादी | कार्यपालिका सदस्य |
| श्री सिर्जना रेग्मी | कार्यपालिका सदस्य |
| श्री बालकुमारी बस्नेत | कार्यपालिका सदस्य |
| श्री रामसरी राना | कार्यपालिका सदस्य |
| श्री बिपना बुढा | कार्यपालिका सदस्य |
| श्री धनीराम शर्मा | सचिव |

प्रमुख प्रशासकीय अधिकृत

## निर्णयहरु

### निर्णय नं. १

प्रस्ताव नं. १ मा छलफल प्रस्ताव नं. १ मा छलफल गर्दा शिवालय गाउँपालिकाको पाँचौ गाउँसभाद्वारा पारित तथा आ.व. २०७६/७७ को स्वीकृत वार्षिक विकास कार्यक्रममा संघ तथा प्रदेश सरकारको सहकार्यमा सञ्चालन गरिने भनी तय गरिएका तपसिल बमोजिमका आयोजनाहरुको विस्तृत आयोजना प्रतिवेदन सहित समपुरक बजेट मागका लागि संघीय सरकारमा प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

तपसिल

१. टाटा तिमिलेपाखा थाला सडक आयोजना, शिवालय ४ र ५, जाजरकोट ।

२. गाउँपालिका भवन (प्राविधिक भवन) निर्माण, शिवालय ३, जाजरकोट ।

### निर्णय नं. २

प्रस्ताव नं. २ मा छलफल गर्दा शिवालय गाउँपालिकाको पाँचौ गाउँसभाद्वारा पारित आ.व. २०७६/७७ को स्वीकृत वार्षिक विकास कार्यक्रममा राखिएको **प्रहरी चौकी व्यवस्थापन** शिर्षकअन्तर्गतको रकमबाट इलाका प्रहरी कार्यालय, सिमा जाजरकोटलाई एक (१) थान मोटरसाइकल खरिद गरी हस्तान्तरण गर्ने निर्णय गरियो ।

### निर्णय नं. ३

प्रस्ताव नं. ३ मा छलफल गर्दा यस शिवालय गाउँपालिकामा कार्यरत सुआहारा कार्यक्रमका लागि आवश्यक म्याचिङ्ग रकम यस गाउँपालिकाको समपुरक रकमबाट विनियोजन गर्ने निर्णय गरियो ।

### निर्णय नं. ४

प्रस्ताव नं. ४ मा छलफल गर्दा शिवालय गाउँपालिकाको खानेपानी तथा सरसफाइको क्षेत्रमा काम गर्नका लागि एकिकृत जलस्रोत व्यवस्थापन कार्यक्रम हेल्भेटास नेपालसँग साझेदारीमा काम गर्ने निर्णय गरियो ।

### निर्णय नं. ५

प्रस्ताव नं. ५ मा छलफल गर्दा शिवालय गाउँपालिकाको नाममा रहेको भे.१ ब. १०८७ नम्बरको मोटरसाइकल सरकारी कामको सिलसिलामा २०७६ असारको अन्तिम साता शिवालय गाउँपालिका वडा नं. १ स्थित छेडाचौर भिरमा दुर्घटनाग्रस्त भई क्षतविक्षत भएको र उक्त मोटरसाइकलको मर्मत कार्य असारको अन्तिम दिनमा सकिई बिल भर्पाई भुक्तानी लिन ढिलाई भएकोले उक्त मोटरसाइकल मर्मतको बिल २०७६ असार ३१ गतेको भएकोमा आर्थिक कार्यविधि ऐनको अधिनमा रही भुक्तानी गर्न कठिन देखिई प्रस्ताव पेश हुँदा उक्त बिलको शोधभर्ना भुक्तानी मोटरसाइकल बाहक वडा नं. ७ का वडाध्यक्ष श्री बिरबल खत्रीलाई दिने निर्णय गरियो ।

शिवालय गाउँ कार्यपालिकाको मिति २०७६/६/१७ मा बसेको चौतीसौ बैठकबाट उपरोक्तानुसारका निर्णयहरु भएको व्यहोरा प्रमाणित गर्दछु ।

प्रमुख प्रशासकीय अधिकृत